स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'सन्तान कहिले जन्माउने' ? अभिनेत्री केकी अधिकारीलाई पछिल्लो समय धेरै सोधिन थालिएको प्रश्न हो यो । उनी जहाँ भेटिन्छिन्, कोही न कोही पत्रकारले उनलाई यो प्रश्न दोहोऱ्याउने गर्छन् । केही दिन अगाडि फिल्म 'दयारानी'को प्रेसमिटमा पनि उनले यो प्रश्नको सामना गर्नुपऱ्यो । एक पत्रकारले त उनलाई सन्तानका लागि प्रेसर छ कि छैन भनेर प्रश्न गरे । 'मलाई सन्तानका लागि कुनै पनि दबाब आएको छैन । फेरि, प्रेसर बढेको बेलामा सन्तान जन्माउनु पनि हुँदैन', उनले सजिलै जवाफ दिइन् ।

**आजको विचार...**



अजयकुमार झा

राजनीतिक...

(दुई पेजमा)



प्रिमियरमा अक्सर फिल्मले सकारात्मक प्रतिक्रिया पाउँछन् । आफ्नो फिल्म हेरेर कलाकारहरुले केही राम्रो कुरा भनिदिऊन् भन्ने अपेक्षा निर्माण पक्षको हुन्छ । कलाकारहरु पनि फिल्म हेरेपछि तारिफमा आफ्ना शब्दहरु खर्चिन्छन् । राम्रो भन्नुपर्ने दबावकै कारण प्रिमियरमा खासै नपुग्ने कलाकारहरु पनि छन् । अभिनेत्री प्रियंका कार्की भने प्रिमियरमा नजाऔं भन्ने आफूलाई कहिल्यै नलाग्ने गरेको बताउँछिन् । प्रिमियरमा जाँदै गर्दा फिल्म नराम्रो भएर राम्रो भन्नुपर्ने हो कि भन्ने दबाब पनि कहिल्यै महसुस नगर्ने उनले बताइन् ।

❒ वर्ष २९ ❒ अंक १९६ ❒ २०८० फागुन १ गते मंगलबार 13 February 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा मृत्यु हुने एक सयभन्दा बढी

**(रासस/सिन्ह्वा)**

**गाजा,** माघ २९/दक्षिणी सहर रफाह र गाजापट्टीको वरपरका क्षेत्रमा इजरायली सेनाले गरेको भारी आक्रमणमा सोमबार एक सयभन्दा बढीको मृत्यु भएको छ ।

आक्रमणमा महिला तथा बालबालिकासहित सयौं घाइते भएको आधिकारिक प्यालेस्टिनी समाचार संस्था वाफाले जनाएको छ । सोमबार बिहान रफाह क्षेत्रमा इजरायली सेनाले करिब ४० वटा हवाई आक्रमणसहित जमिनमा गोलाबारी गरेको बताइएको छ । इजरायली सेनाले दक्षिणी गाजामा हमासले श्रृङ्खलाबद्ध आक्रमण गरेको बताएको छ । आक्रमणबाट भएको क्षतिको विवरण भने दिएको छैन । सन् २०२३ को अक्टोबर ७ देखि गाजापट्टीमा इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या २८ हजार एक १ सय ७६ पुगेको छ । आक्रमणमा ६७ हजार ७ सय ८४ घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमार्फत बताएको छ ।

गाजामा इजरायल-हमास द्वन्द्व सुरु भएदेखि करिब आधा बासिन्दा सुरक्षाको खोजीमा इजिप्टको छेउमा रहेको रफाहमा पुगेका छन् । रफाह क्रसिङमार्फत विदेशी देशहरू र संयुक्त राष्ट्रका एजेन्सीबाट खाना तथा औषधि सहायता प्राप्त गर्दै जीवन गुजारिरहेका छन् । सीमावर्ती रफाह सहरमा कृषि भूमि, विद्यालय र सडक किनारमा विस्थापितहरूले भरिएको छ ।

## नेपाल मानव अधिकार संगठनको राष्ट्रिय सम्मेलन

# देशभरका मानव अधिकारवादी पाल्पामा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २९/नेपाल मानव अधिकार संगठनको १५ औं राष्ट्रिय सम्मेलन पाल्पाको ऐतिहासिक नगर तानसेनमा भएको छ । संगठन पाल्पा शाखाको आयोजनामा सोमबार राष्ट्रिय सम्मेलन २०८० भएको हो ।










सम्मेलनको लागि देशभरका मानव अधिकारवादीहरु पाल्पामा भेला भएका हुन् । नयाँ नेतृत्व चयन गर्नेदेखि संगठनलाई थप बलियो र प्रभावकारी बनाएर लैजाने सम्मेलनको उद्देश्य रहेको छ । सम्मेलनले संकटमा रहेको लोकतन्त्रलाई बलियो बनाएर लैजान मानव अधिकार आन्दोलनलाई थप सशक्त बनाएर लैजानुपर्नेमा जोड दिएको छ । द्वन्द्व कालका पीडित नागरिकहरुले अझै पनि न्याय पाउन नसकेको र लोकतन्त्र थप कमजोर बन्दै गएको भन्दै मानव अधिकारवादीहरुले संगठनलाई थप सशक्त बनाएर लैजानुपर्नेमा जोड दिएका छन् । सम्मेलनको लुम्बिनी प्रदेशका सभामुख तुलराम (बसन्त) धर्तीले उद्घाटन गरेका हुन् । सम्मेलनको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका सभामुख घर्तीले मानवअधिकारवादीहरु सशक्त ढंगले लाग्न जरुरी रहेको बताएका छन् । उनले पछिल्लो समय मानवअधिकार हनन् गर्नु हुँदै भन्नेहरुबाटै हनन् हुने गरेको बताउँदै त्यसतर्फ सचेत हुन संगठनलाई आग्रह गरे । सभामुख घर्तीले मानव अधिकारवादीका नाममा नेताहरुको स्वार्थ अनुकूलको काम गर्न नहुने बताए । उनले भने 'मानव अधिकारवादी भन्ने तर नेताहरुको वरिपरी रहेर उनीहरुकै अनुकूल आवाज बोल्नु गलत हो ।' जनताको अधिकार हनन् भयो भन्दै आवाज उठाउने मानव अधिकारवादी कुनै न कुनै स्वार्थमा लिप्त हुने गरेको सभामुख घर्तीले आरोप लगाए । उनले भने 'यहाँ जनताको अधिकार मात्र हनन् भएको छैन सरकारका अधिकार सरकारबाटै हनन् भएको छ, सानो पहाड भएको राज्यमा ठूलो पहाड भएको राज्यबाट पीडित हुँदा कले न्याय दिने ?' 'जनता पीडित हुँदा मानव अधिकारले न्याय दिलाउन आन्दोलन गर्छ तर स्थानीय, प्रदेश सरकार संघीय सरकारबाट पिडित हुँदा कल्ले आन्दोलन गर्ने ? सभामुख घर्तीले भने । अधिकारको विषयमा मानव अधिकारवादीहरु उर्फरहने तर कर्तव्यको पालना नगर्ने उनले बताए । सभामुख घर्तीले कर्तव्यको पालना गरी अगाडि बढ्न संगठनलाई आग्रह गरे ।

कार्यक्रममा संघीय सांसद ठाकुर गैरेले जनतामा लोकतन्त्र र मानव अधिकारको प्रत्याभूति हुँदा मात्र समाज स्थापित हुने बताए । उनले भने 'जब जनताले लोकतन्त्रको अनुभूति गर्छन् तब मानवअधिकारको सार्थकता रहन्छ ।' जनजिविका र न्यायको पक्षमा पाल्पाले महत्वपूर्ण भूमिका खेलेको सांसद गैरेले बताए । उनले पछिल्लो समय सरकारले नै लोकतन्त्र माथि प्रहार गरेको धारणा व्यक्त गरे । सांसद गैरेले भने 'लोकतन्त्र खतरामा छ त सरकारकै कारण ।' उनले जति सको संक्रमणाकालीन न्याय टुङ्गोमा पुऱ्याउनुपर्नेमा जोड दिए । सांसद गैरेले भने 'यो जति ढिला हुन्छ, मानव अधिकार त्यत्ति नै कमजोर हुँदै जान्छ ।' पिडितले न्याय पाउने गरी टिआरसी विधेयक पारित गरिनुपर्ने उनले बताए । सांसद गैरेले गलत कानुन पारित गर्नबाट भने एमाले सचेत रहेको धारण व्यक्त गरे । लोकतन्त्र र मानव अधिकार रक्षाका लागि गलत कानुन पारित हुनबाट जोगाउन सशक्त ढंगले आवाज उठाउन समेत उनले संगठनलाई आग्रह गरे । लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले दल र सरकारलाई सशक्त ढंगले खबरदारी गर्न मानव अधिकारवादीहरुलाई आग्रह गरे । उनले अहिलेको व्यवस्था खराब नभएको तर पद्धती उपयोग गर्ने केही व्यक्तिहरु खराब रहेको बताए । खराब व्यक्तिहरुका विरुद्ध सशक्त रुपमा आवाज उठाउन समेत सांसद रानाले संगठनलाई आग्रह गरे । उनले राजनीतिक दल र कर्मचारीहरुप्रति जनताको वितृष्ण पैदा भएकाले त्यसतर्फ मानव अधिकारीवादीहहरुले चासो देखाउनुपर्नेमा जोड दिए । सांसद रानाले ऐतिहासिक जिल्ला पाल्पालाई छनौट गरेर राष्ट्रिय सम्मेलन गरेकोमा संगठलाई आभार व्यक्त गरे । कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले सम्मेलनले पाल्पा घोषणपत्र जारी गर्दै मानव अधिकार सुनिश्चित गर्ने दिशामा संगठन अगाडि बढ्नुपर्नेमा जोड दिए । संगठनका पूर्व अध्यक्षहरु प्रा.डा. कपिल श्रेष्ठ, सुदीप पाठक, इन्द्रप्रसाद अर्याल, चरण प्रसाई, संगठनका संस्थापक बाबुराम गिरी, वरिष्ठ अधिवक्ता तथा संविधान विद् दिनेश त्रिपाटी, संगठनका केन्द्रीय सदस्य एवं कार्यक्रम निर्देशक त्रिलोचन पौड्याल लगायतले संविधानमा मानव अधिकारका तमाम अधिकारहरु समावेश गरिए पनि किताबमै सिमित बन्न पुगेको बताएका छन् । उनीहरुले जबसम्म संविधानका आइडलहरु कार्यान्वयन हुँदैनन् तबसम्म मानव अधिकारले सार्थकता पाउन नसक्ने समेत बताए । उनीहरुले दमन, उत्पीडनमा परेका नागरिकहरुका लागि सम्मेलन महत्वपूर्ण हुनेमा समेत जोड दिए । मानव अधिकार संगठन कुनै दान, दक्षिण कसैले दिएको नभई आवाज विहीनहरुको आवाज रहेको उनीहरुको भनाई छ । सम्मेलनको संगठनका केन्द्रीय अध्यक्ष महामुनीश्वर आचार्यको अध्यक्षता, महासचिव नरेन्द्र बास्तोलाको सञ्चालनमा कार्यक्रम भएको थियो । ७७ वटै जिल्लाका मानव अधिकारवादीहरुको उल्लेखीय सहभागिता रहेको पाल्पा शाखाका सभापति बंकीनचन्द्र खनालले बताए ।

## नेपाल मानव अधिकार संगठनको अध्यक्षमा अर्याल



**पाल्पा,** माघ २९/नेपाल मानव अधिकार संगठनको केन्द्रीय अध्यक्षमा इन्द्र प्रसाद अर्याल चयन भएका छन् । सोमबार पाल्पाको तानसेनमा भएको सगठनको १५ औं राष्ट्रिय सम्मेलनले अर्याललाई अध्यक्षमा सर्वसमत चयन गरेको हो । उनी काठमाडौंका हुन् । यस्तै सम्मेलनले केन्द्रीय सदस्यहरुमा बागमती प्रदेशबाट राजु सिग्देल, कोशी प्रदेशबाट हिराबहादुर निरौला, मदेश प्रदेशबाट विमल ठाकुर, गण्डकी प्रदेशबाट लक्ष्मीदेवी जिसी कार्की, लुम्बिनी प्रदेशबाट त्रिलोचन पौड्याल, कर्णाली प्रदेशबाट लिलाराज रोकाया, सुदुरपश्चिमबाट दिनेशराज जोसी लाई चयन गरेको छ । केन्द्रीय सदस्यमा चयन भएकाहरु प्रदेश अध्यक्षको जिम्मेवारीमा रहने जनाइएको छ ।

## रैनादेवी छहरामा ३३ प्रतिशत योजना फरफारख

**कृष्ण पोखरेल**

**पाल्पा,** माघ २९/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले हालसम्म ३३ प्रतिशत योजनाहरु उपभोक्ता समितिबाट फरफारख गराएको छ । पालिकाले आर्थिक बर्ष २०८०/८१ मा सम्पादन गरेका अर्धवार्षिक योजना तथा कार्यक्रम बजेटको सार्वजनिक सुनवाई गर्दै हालसम्म उपभोक्ताबाट भएका ३३ प्रतिशत योजना फरफारख भएको जनाएको हो ।



गाउँपालिकाले आउदो जेठ महिना भित्र उपभोक्ताका सम्पूर्ण योजनाका कामहरु सक्ने समेत जनाएको छ । सार्वजनिक सुनवाईमा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सीनाले अर्धवार्षिक अवधिसम्म पालिकाले चालुमा ३९.८९ प्रतिशत खर्च गरेको छ भने पुजीगततर्फ १४.५६ प्रतिशमात्र खर्च गरेको बताए ।

६ महिनाको अवधिमा अनुमानित आयको ६७ प्रतिशत अर्थात ६० लाख ११ हजार आम्दानी गरेको पनि प्रमुख प्रशासकीय अधिकृत तिमिल्सीनाले जानकारी दिए । पालिकामा १६ वटा उजुरी परेकोमा ७ वटा फछ्र्यौट भएको र ९ वटा छलफलको क्रममा रहेका छन् । रैनादेवी छहरा गाउँपालिकाले ६ महिनाको अवधिमा ६ करोड ४२ लाख ९ हजार सामाजिक सुरक्षा भत्ता वितरण गरेको जनाएको छ । पालिकामा बसाई सराईको अवस्था डरलाग्दो तरिकाले वृद्धि भएको छ । ६ महिनाको अवधीमा रैनादेवी छहरामा १ सय ३५ जना बसाईसरी आएको र १ हजार ८८ जना बसाईसरी गएका छन् । पालिकामा स्वास्थ्य सहित ८७ जना कर्मचारीको दरबन्दी रहेको ४४ जना स्थायी, २६ जना करार, १७ पद रिक्त रहेको, आयोजना तथा अन्यमा १६ जना कर्मचारी रहेको प्रतिवेदनमा सार्वजनिक गरिएको छ । कार्यक्रममा स्वास्थ्यतर्फ एकिकृत घुम्ती शिविरमा २ सय ७१ जनाले स्वास्थ्य सेवा लिएको, वडा-८ मा सत्यवती माविमा विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गरिएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ७५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनयुद्ध दिवसको सार्थकता

माओवादीले सशस्त्र युद्धको सुरुवात गरेको दिनलाई जनयुद्ध दिवसका रुपमा लिने गरेको छ । माओवादीले २०५२ फागुन १ गतेदेखि आजकै दिन सशस्त्र युद्ध सुरु गरेको थियो । सोही दिनलाई जनयुद्ध दिवसको रुपमा मनाउने गरिएको हो । सरकारले जनयुद्ध दिवसको स्मरण गर्दै फागुन १ गते सार्वजनिक बिदा दिने यस अघि घोषणा गरेको थियो । तर सर्वोच्च अदालतले संक्रमणलीन न्याय प्रभावित हुनसक्ने तथा द्वन्द्वपीडितहरुको भावनामा चोट पर्नसक्ने भन्दै बिदा दिने निर्णय खारेज गरेको छ । तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा २०५२ फागुन १ गते रोल्पा र सिन्धुलीको एक/एकवटा प्रहरी चौकीमा आक्रमण गरेर जनयुद्ध सुरु गरिएको थियो । त्यसयता प्रत्येक वर्ष माओवादीले फागुन १ लाई जनयुद्ध दिवसको रूपमा स्मरण गर्दै आएको छ । युद्धको नेतृत्व गरिरहेको माओवादी २०६३ मंसिर ५ गते शान्ति सम्झौतामार्फत शान्तिपूर्ण राजनीतिमा आएपछि अनेकौं राजनीतिक उत्तारचढाव आइसकेको छ । यसबीचमा माओवादी पार्टीले टुटफुट र एकताका अनेकौं शृङ्खला पार गरेको छ । यही टुटफुट र एकताको प्रक्रिया पार गरिरहँदा जनयुद्ध दिवसले पनि कहिले निकै महत्व पाउने त कहिले चर्चा विहीन हुने क्रम चलिरहेको छ ।

संघीय गणतान्त्रिक संविधान लेखनको बेला पनि 'जनयुद्ध' शब्द स्वीकार्ने र अस्वीकार गर्ने पक्षबीच निकै ठूलो रस्साकस्सी चलेको थियो । अन्ततः सरकारी दस्तावेजहरूमा यसलाई 'सशस्त्र द्वन्द्व' भन्ने सहमति भएको थियो । यद्यपि युद्धको नेतृत्व गरेको माओवादीले भने करिब १० वर्ष चलेको यो युद्धलाई 'जनयुद्ध'कै रूपमा व्याख्या गर्दै आएको छ । युद्धका क्रममा राज्य र माओवादी पक्षबाट हजारौंको मृत्यु र घाइते भए । केही अझै बेपत्ता छन् । माओवादी जनयुद्धले जनतामा चेतनाको एउटा दियो बालेको कुरा स्वीकार्य छ । सम्मानित छ तर जनताले कत्रो आशा राखेका थिए, आखिर त्यही संघर्ष गरेको भनिएको पाटी नै आज धुजा–धुजा भएर च्यातिन पुग्यो । केवल सम्मान, सम्पत्ति र शक्तिका लागि । अधिकारको बाँडफाँडमा जहानिया शैलीलाई त्याग्ने हिम्मत पनि देखिएन । सत्तालिप्सा र स्वार्थले जनताको बिल्लिबाठ पारेर जुन नेता जङ्गलमा बस्थे, लुक्थे, ज्यान जोगाउँथे आज तिनै वरिपरि सुरक्षागार्ड राखेर गाडीमा हिंड्छन् । तर जनताले चाहेको आशामा निराशा परिणत भएको छ । हिजोको सङ्क्रणकालीन घाउ र संविधानको निर्माणसम्म पीडितमा आशा थियो । तर अहिले त्यही माओवादी सत्तामा पुगे पनि जनता निराशा हुनु बाहेक केही छैन । युद्धले पोलेको घाउमा अब मलम लगाइनु आवश्यक छ । यसो गर्न सकियो भने मात्र पनि दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

### Opinion @ Social Network

हिउदमा पातहरु झरेर रुखहरु नसुके पनि,
उसको सुन्दरता र श्वास भने सुकेको हुन्छ ।।
(**विशाल दर्लामीको फेसबुक स्टाटस** *https://www.facebook.com/Bishal.darlami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक प्रतिनिधित्व गर्नेलाई कसले जाँच्ने ?



**अजयकुमार झा**

सामाजिक समानता समाजको एक त्यस्तो अवस्था हो, जसमा त्यस समाजका सबै मानिसलाई एक-अर्काको तुलनामा समान मानिन्छ । सबै मानिसको सम्मान र अधिकारमा बराबरीको अवस्था नै सामाजिक समानता हो । यद्यपि पछिल्लो समय समानता (इक्वालिटी) र समता (इक्विटी)का बारेमा बहस पनि छन् । यहाँ सुशासनसँग जोडेर सामाजिक समानताको चर्चा गरिँदै छ । सामाजिक समानता एक राजनीतिक विचारधारा हो, जुन राजनीतिक प्रणालीमा सार्वजनिक प्रशासनको एक प्रारूपको रूपमा रहन्छ । पुँजीवादी उदारवाद वा लोककल्याणकारी राज्यको अवधारणा ग्रहण गरेका मुलुकमा 'सुशासन' अर्थात् 'गुड गभर्नेन्स'लाई नयाँ संस्करणका रूपमा 'सामाजिक सुशासन' भन्न थालिएको छ । एक व्यक्ति वा नागरिकका रूपमा सम्मान र महत्त्व प्राप्त गर्न जात, धर्म वा आर्थिक हैसियतलाई आधार बनाइनु उचित छैन । विभेदरहित रूपमा कुनै पनि मानिसले आफ्नो जीवन विकास गर्न सम्मान र सुविधा पाउनुपर्छ । प्रकृतिले समानता प्रदान गरेको 'मानिस'लाई राज्य वा समाजले असमान व्यवहार गर्न सक्दैन । प्रत्येक जीव, जीवाणु वा वनस्पतिलाई प्रकृतिबाट समान रूपमा एक विशिष्ट स्वभाव प्राप्त छ, जसका आधारमा उनीहरूले आन्तरिक र बाह्य आचरण तथा व्यवहार गर्छन् । प्रकृतिले प्रत्येक जीव, जीवाणु वा वनस्पतिमा प्राण प्रदान गरेको छ । प्राणको स्रोत श्वास हो र यसको पोषण गर्ने तत्त्वहरू पनि छन् । प्राणका अटूट एकाइका समष्टि नै आयु अर्थात् जीवन कहलाउँछ । प्राण र जीवनबिचको कडीलाई जिजीविषा भनिन्छ । जिजीविषा प्रत्येक जीव, जीवाणु वा वनस्पतिको स्वभाव हो ।

प्रत्येक जीव, जीवाणु वा वनस्पतिले आ-आफ्नो जिजीविषा शान्त पार्न आवश्यक पोषण प्राप्तिका लागि प्रयत्न गर्छन् । मानिसको हकमा– आफ्नो आवश्यक पोषण वा आधारभूत आवश्यकता पूर्तिका लागि अरुको खोस्नु विवेकसम्मत वा न्यायोचित होइन । यसलाई राज्य व्यवस्था र कानुनले निर्देशित र नियन्त्रित गर्दछ । आफूले प्रदान गर्ने सम्मान र अवसरमा राज्यले आफ्ना कुनै नागरिकलाई कुनै पनि आधारमा विभेद गर्न मिल्दैन । त्यसैले कानुनको दृष्टिमा सबै समान छन् भन्ने सिद्धान्तलाई प्रत्येक लोकतान्त्रिक संविधानले आत्मसात गरेको हुन्छ । संविधान र कानुनको यसै व्यवस्थाको अनुभूतिका लागि सार्वजनिक प्रशासनमा 'सुशासन'को सिद्धान्त अवलम्बन गरिएको हो । अपेक्षित परिणाम दिन सक्ने गरी राज्य संयन्त्रहरूको सञ्चालन गर्नु नै सुशासन हो । राम्रो बजेट, उचित व्यवस्थापन, विधिको शासन, नैतिकता लगायत धेरै कुरा सुशासनमा आउँछन् । सुशासनले व्यक्तिलाई भ्रष्टाचारबाट मुक्त गर्छ र प्रशासनलाई सरल, नैतिक, जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउँछ । संयुक्त राष्ट्रसंघले सुशासनका आठवटा विशेषता तोकेको छ– विधिको शासन, समानता र समावेशिता, सहभागिता, प्रतिक्रियाशीलता, बहुमत तथा सहमति उन्मुख, प्रभावकारिता र दक्षता, पारदर्शिता, जवाफदेहिता र निष्पक्ष मूल्याङ्कन । त्यसैगरी युरोपियन युनियनले 'जवाफदेहिता, प्रभावकारिता, खुलापन, सहभागिता, समन्वय, योग्यता र क्षमता, नैतिक आचरण, प्रतिक्रियाशीलता र विधिको शासन'लाई सुशासनका आधारभूत तत्त्वहरू मानेको छ । विश्व बैंकले सन् १९८९ को एक दस्तावेजमा सुशासन अर्थात् सुदृढ सार्वजनिक व्यवस्थापनका चार आयाम पहिचान गरेको थियो– सार्वजनिक क्षेत्र व्यवस्थापन, उत्तरदायित्व, विकासका लागि कानुनी रूपरेखा र सूचना र पारदर्शिता । विधिको शासनको मुख्य सिद्धान्त भनेकै कानुनका अगाडि सबै जनता समान हुनु हो । छिमेकी मुलुक भारतको कुरा गर्दा, त्यहाँको संविधानले घोषणा गरेको छ– प्रत्येक नागरिकका लागि एक कानुन हुनेछ, जुन समान रूपमा लागू हुनेछ । कसैले पनि जन्म, जात आदिका आधारमा कुनै विशेषाधिकार पाउनेछैन । कुनै राज्यमा कुनै वर्गले विशेषाधिकार पाएको छ र अरू कोही त्यसबाट वञ्चित छन् भने त्यहाँ विधिको शासन छ भन्न मिल्दैन । त्यसैले मध्ययुगको प्राचीन राज्य वा सामन्ती समाजमा जहाँ शासक वर्ग र आम जनताका अधिकारमा भिन्नता थियो, त्यहाँ कानुनको समानता थिएन । दासप्रथालाई संसारका सबै भागमा कानुनले समर्थन गरेको थियो । आज, सामान्य कानुन प्रत्येक व्यक्तिलाई समान रूपमा लागू हुने मान्यता छ, तर अतीतमा जातजाति, धनी गरिबमा कानुनले भेद गर्ने गर्थ्यो ।

लोकतान्त्रिक मुलुकका संविधानमा जात, जाति, धर्म जन्मस्थल आदिका आधारमा बिनाभेदभाव देशका नागरिकलाई मात्र नभई विदेशीलाई पनि समान रूपमा कानुनको संरक्षणको अधिकार दिइन्छ । महिला र पुरुषको अधिकारमा कुनै भेदभाव छैन । सबै नागरिकलाई पेसा वा सरकारी नियुक्तिमा समान अवसर पाउने अधिकार हुन्छ । छुवाछुत पूर्ण रूपमा निषेध गरिन्छ । कानुनले तोकेको कसुरमा नागरिकलाई एकपटक मात्रै सजाय दिन सकिन्छ । मृत्युदण्ड वा कैद कुनै पनि व्यक्तिलाई कानुनी रूपमा मात्र दिन सकिन्छ, संकटको असाधारण अवस्थामा मात्र सरकारले कसैलाई बिनापरीक्षण थुनामा राख्न सक्छ । संविधानले प्रत्याभूत गरेको आफ्नो मौलिक हकको अपहरण गरेको भन्दै कुनै पनि नागरिकले सरकारविरुद्ध अदालतमा मुद्दा हाल्न सक्छ । अदालतले मौलिक हकको संरक्षण गर्न निर्देशन दिन सक्छ, जसको पालना गर्नु गराउनु सरकारको कर्तव्य हुन आउँछ । सुशासन आदर्शवादी विचार मात्र होइन, व्यवहारमा देखिने विषय हुन्छ । सुशासनलाई व्यवहारमा कसरी स्थापित गर्ने भन्ने विषयमा विधि र मापदण्डहरू स्वीकार गरिएका हुन्छन् । हामीकहाँ 'सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन'ले प्रशासनिक कार्य सञ्चालनका १० वटा आधारहरू तोकेको छ– (क) राष्ट्र र जनताको बृहत्तर हित, (ख) समन्याय र समावेशीकरण, (ग) कानुनको शासन, (घ) मानवअधिकारको प्रत्याभूति, (ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता, (च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, (छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता, (ज) प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, (झ) विकेन्द्रीकरण तथा अधिकार निक्षेपण, (ञ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग । आज हामीकहाँ तिनै तहको सरकार (स्थानीय, प्रदेश र संघीय) जनताद्वारा निर्वाचित प्रतिनिधिबाट सञ्चालित हुने व्यवस्था छ । हामीले एकात्मक तन्त्र (राजतन्त्र)लाई फेरेर संघीय लोकतान्त्रिक गणतन्त्र ल्याएका छौं । संघीयता भनेको फरक-फरक समुदाय क्षेत्रका नागरिकको समानताको सिद्धान्त, नियम आदिमा आधारित राजनीतिक व्यवस्था हो । यद्यपि संघीय धरातलका सरकारहरूले आफूलाई जनताका सेवक नठानी जनताका प्रभु र स्वामी ठान्ने ह्याङओभर हामीकहाँ अझै पनि देखिन्छ । यस कुराले गर्दा दशकौंदेखि अपेक्षा गरिएको सुशासन कायम हुन सकेको छैन । परिवर्तनको लाभ जनताले पाउन सकेका छैनन् । सुशासन ऐनको प्रस्तावनाले 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन' भन्ने उल्लेख गरेको छ । सुशासनलाई यसरी व्यापक रूपमा नबुझी सुशासन कायम गर्न सकिन्न र परिवर्तनको मर्मलाई व्यवहारमा रूपान्तरण गर्न सकिन्न । सुशासन भनेको शासनको सहायक कुरा होइन, शासनको मूल ध्येय हो । संविधानले सुशासनलाई राज्यको दायित्वका रूपमा व्याख्या गरेको छ ।

सुशासन कायम गर्ने विषयमा मूल रूपमा सुशासन ऐन, सहायक रूपमा निजामती सेवा ऐन, आर्थिक कार्यविधि, सार्वजनिक खरिद, सरकारी निर्णय प्रक्रियाजस्ता दर्जनौं कानुन बनाइएका छन् । जिम्मेवार अधिकारीले ती कानुनको अनुसरण गरेमा सुशासन स्वतः कायम हुन्छ । सार्वजनिक प्रशासनमा भित्रिने अधिकारीहरूलाई आफ्नो जिम्मेवारीस"ग सम्बन्धित विषयमा लोकसेवाका माध्यमबाट जाच्ने गरिन्छ, तर राजनीतिक प्रतिनिधित्व तथा निर्वाचनका माध्यमले जिम्मेवारीमा पुगेका अधिकारीमा सुशासन कायम गर्ने क्षमता छ छैन भन्ने जा"च्ने वा जा"चेर पठाउने उपाय र विधिको विकास भएको छैन । खासगरी सेवा प्रदायक निकायको शीर्ष तहमा नेतृत्व गर्ने व्यक्ति सुशासनसम्बन्धी कानुनको जानकार नभए सुशासन कायम गर्ने विषयमा बाधा उत्पन्न हुन्छ । सुशासन स्थापित गर्न विधिको शासन पूर्व सर्त हो । जनतालाई सेवा प्रवाह गर्नका लागि तमाम सरकारी संरचना बनाइएका हुन्छन् । तर जनतासँग सबैभन्दा नजिक स्थानीय तह हुन्छ । आजको स्थानीय तहले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्नका लागि सुशासनसँग सम्बन्धित कानुनहरूको परिपालन गर्न आवश्यक छ ।

**कसरी हुन्छ सुशासन ?**

सुशासनका लागि सुशासन ऐनले केही कार्यहरू तोकेको छ । यस ऐनको दफा २५ ले कार्यालयहरूले नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था गरेको छ । सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नुपर्छ । नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र त्यसका प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, सेवा प्रदान गर्न लाग्ने समयावधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण आदि उल्लेख हुनुपर्छ । मनासिब कारणबिना बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारीउपर विभागीय कारबाही हुन सक्नेसम्मको व्यवस्था छ । योसँगै मनासिब कारणबिना बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानि-नोक्सानी हुन गएमा सो हानि-नोक्सानीबापतको क्षतिपूर्ति दिनुपर्ने व्यवस्था पनि छ ।

यसैगरी दफा ३० अनुसार, कार्यालयहरूले सार्वजनिक सुनुवाइ गर्नुपर्छ । कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम-कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनुपर्छ । सार्वजनिक सुनुवाइ गर्दा विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि समेतलाई आमन्त्रण गर्नुपर्ने व्यवस्था छ । दफा ३१ मा 'गुनासो व्यवस्थापन'को व्यवस्था छ । कार्यालयले सम्पादन गरेको काम-कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नुपर्छ । दफा २६ ले घुम्ती सेवा सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । सर्वसाधारणको सामूहिक वा वैयक्तिगत सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको इलाकामै सेवा उपलब्ध गराउन घुम्ती सेवा सञ्चालन गर्नुपर्ने हुन्छ । दफा ३५ ले प्रवक्ता तोक्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले आफ्नो काम-कारबाहीका विषयमा सरोकारवालालाई वा सार्वजनिक रूपमा जानकारी दिन कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नुपर्छ । यी कुराले कार्यालयले प्रदान गर्ने सेवाहरूलाई सही ढंगले र परिणाममुखी रूपमा व्यवस्थित गर्न सक्छन् । यस्तै, सूचनाको हकसम्बन्धी ऐनले प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने भनेको छ । घुम्ती सेवा सञ्चालन गर्ने, सार्वजनिक सुनुवाइ गर्ने, गुनासो व्यवस्थापन, प्रवक्ता तोक्नुपर्ने, निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने, जनताको सहभागिता र स्वामित्वसम्बन्धी व्यवस्था, नागरिक सहायता कक्ष, उजुरी पेटिका, नोडल अफिसरको नियुक्तिका कुराहरू सुशासनका सूचक हुन् । ***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रोटरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्रका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । | **तुला** : समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : आफन्तको सहयोग प्राप्त हुनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **वृश्चिक** : काम गर्दा सजग भएर गर्नुहोला। अनावश्यक झमेलामा परिएला। |
| **मिथुन** : कार्य सम्पादनमा सहजता मिल्नेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। वित्तिय संस्थाबाट सहयोग पाइनेछ । |
| **कर्कट** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । | **मकर** : प्रतिष्ठित काम गर्ने मौका छ । मन पर्ने उपहार पाइने योग छ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष पनि छाउनेछ । | **कुम्भ** : विद्या तथा प्रतिस्पर्धामा सफल भइनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । |
| **कन्या** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ। |

# चना प्रविधि

## नेपालमा सबैभन्दा बढी कुन सामाजिक सञ्जालको दुरुपयोग हुन्छ ?




साइबर अपराधमा पीडित भन्दा पीडक कम उमेरका, जसका कारण बढी आवेग र उत्तेजनामा अपराध हुनेगर्छ । नेपालमा सबैभन्दा बढी कुन सामाजिक सञ्जालको दुरुपयोग हुन्छ ? नेपालमा सामाजिक सञ्जालको प्रयोग बढ्दो छ । युवादेखि वृद्ध-वृद्धासम्मले कुनै न कुनै सामाजिक सञ्जाल चलाउने गर्छन् । सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग गर्नेको संख्या पनि बढ्दो छ । दुरुपयोग बढेकै कारण पछिल्लो समय सरकारले सामाजिक सञ्जाल 'टिकटक'माथि प्रतिबन्ध लगाएको थियो । टिकटक माथि प्रतिबन्ध लगाइए पनि नेपालमा बढी दुरुपयोग हुने सामाजिक सञ्जालको सूचीमा अन्यको नाम अग्रस्थानमा आउँछ ।

नेपाल प्रहरीका अनुसार पछिल्ला करिब सात महिनाको अवधिमा साइबर अपराध सम्बन्धी १३ हजार ३३० वटा निवेदन प्रहरीमा दर्ता भएका छन् । चालु आर्थिक वर्ष २०८० र ०८१ को साउन १ गतेदेखि माघ २३ गतेसम्मको अवधिमा ती निवेदन प्रहरीकोमा परेका हुन् । ती निवेदन मध्ये सामाजिक सञ्जालसँग सम्बन्धित ११ हजार ४२५ वटा रहेका छन् । सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराधका उजुरी एक हजार ९०५ वटा छन् । साइबर अपराधमा मुद्दा चलेका मध्ये हालसम्म ५१ जनालाई साइबर ब्युरोबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । विभिन्न किसिमका नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी विभिन्न सामाजिक सञ्जालहरूमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अरूको सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने जस्ता प्रवृत्ति हाल देखिएको छ । सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरी प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दु:ख दिने, सरकारी तथा अन्य संघ संस्थाहरूको वेवसाइट ह्याक गर्ने र अनलाइन ठगी गर्ने जस्ता प्रवृत्ति पनि पछिल्ला महिनामा देखिएको प्रहरीको भनाई छ । 'अपराधीहरूले विभिन्न सामाजिक सञ्जालको दुरूपयोग गरी साइबरजन्य अपराध गर्ने गरेका छन् । यसबाट जोगिन सबै सचेत हुन आवश्यक छ । यस्ता अपराध हुन नदिन नेपाल प्रहरीले सचेतना फैलाउने, अपराधीलाई कानुनी दायरामा ल्याउने र साइबर ब्युरोलाई अझ प्रभावकारी बनाउँदै अनुसन्धान र कारबाहीलाई तीव्रता दिने अभियान चलाएको छ,' नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकालले भने । पछिल्लो करिब सात महिनामा दर्ता भएका निवेदन मध्ये सामाजिक सञ्जालतर्फ फेसबुक र म्यासेन्जरको दुरूपयोगका ९ हजार ३५० वटा रहेका छन् । भाइबरका १६, इमोका ६, युट्युवका ३९, ट्वीटरका ६, इन्स्ट्राग्रामका ४३२, वेभसाइट ह्याकिङका ६, टिकटकका ६६७, इमेलका ८०, इसेवाका १९० र अन्यतर्फ ११८ वटा रहेको जानकारी प्रहरीले दिएको छ । यसैगरी सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराधतर्फ सामाजिक सञ्जाल ह्याकका ४०३, उपहार र पैसा पठाएको सम्बन्धी २६४, लट्री परेको प्रलोभन देखाई ठगी गरेका ३३, वैदेशिक रोजगारको प्रलोभनका ३८, अनलाइन जागिररकोठा खोजी दिने तर्फ ३५, बैंक तथा वालेट अफिसबाट बोलेकोरएकाउन्ट ह्याकका १५२, मास्टर कार्डरमनी एक्सचेन्ज समेतका ६१, भिडियो सेयरिङ र ब्ल्याकमेलिङका ३५, क्रिप्टोसँग सम्बन्धित ९५, अनलाइन सपिङका ४६०, सामाजिक सञ्जाल फेक आइडी ६७ र अन्यतर्फ २६२ वटा रहेका छन् ।

साइबर अपराधमा पीडितभन्दा पीडक कम उमेरका आर्थिक वर्ष २०७९ र ०८० मा साइबर अपराधको मुद्दा दर्ताको तथ्यांक विश्लेषण गर्दा पीडितको उमेर समूह २६ देखि ३५ वर्ष र पीडकको उमेर १९ देखि २५ वर्षको धेरै संख्या रहेको पाइएको प्रहरीले जनाएको छ । यसबाट अपराधमा पर्ने उमेर समूह वयश्क जाने बुझेको नै धेरै देखिन्छ भने पीडकको उमेर पीडितको भन्दा कम देखिन्छ । यसको अर्थ बढी आवेग र उत्तेजनामा अपराध हुने गरेको प्रहरीको बुझाइ छ । सामाजिक सञ्जालको दुरूपयोग गरी चरित्र हत्या गर्ने, ठगी गर्ने, दुर्व्यवहार गर्ने, पीडितहरूको तस्बिरमा अश्लिलता जोडी दु:ख दिने, कम्प्युटर सामग्रीमा अनाधिकृत पहुँच पुऱ्याई डाटा नष्ट गरी हानी नोक्सानी पुऱ्याउने, पीडितको चरित्र हत्या गर्ने भिडियो, अन्तर्वार्ता तथा फोटो सहितको विवरण युट्यूव च्यानल मार्फत प्रसारण गर्ने जस्ता साइबर अपराधमा अपराधीहरू संलग्न भएको तथ्यांकले देखाउँछ । विदेशी नागरिकको फोटो प्रयोग गरी नक्कली खाता खोल्ने, विभिन्न बहानामा लोभ देखाई अनलाइन बैंकिङको पासवर्ड लिइ पनि ठगी हुने गरेको भनाइ प्रहरीको छ । प्रहरी नायव महानिरीक्षक ढकाल भन्छन्, 'सामाजिक सञ्जाल म्बन्धी अपराध अनुसन्धानका लागि सम्बन्धित सामाजिक सञ्जालको सम्पर्क कार्यालयसँग समन्वय गर्नु पर्ने तर उक्त सम्पर्क कार्यालय नेपालमा नभएकोले केही झन्झटिलो र समय लाग्ने गरेको छ । तथापि छिटो छरितो सेवाका लागि नेपाल प्रहरीको प्रयास जारी छ । 'साइबर अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्ने उद्देश्यले नेपाल प्रहरी भित्र रहेका संयन्त्रहरूलाई समयानुकूल परिमार्जन गरी थप सुदृढ बनाउने क्रममा साइबर अपराध सचेतना, साइबर सुरक्षा र साइबर अपराध अनुसन्धान समेतको काम नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत साइबर ब्युरोले गरिरहेको छ । हाल साइबर सम्बन्धी अपराध अनुसन्धानको लागि जिल्ला अदालतलाई समेत अधिकार प्रत्यायोजन भएको छ । देशभर प्राप्त निवेदन तथा उजुरी उपर प्रविधिको प्रयोग गर्दै सुक्ष्म तरिकाले अनुसन्धान गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा साइबर अपराधमा संलग्नलाई कानुनी दायरामा ल्याई कारबाही हुने गरेको छ । सूचना प्रविधिको विकास र प्रयोगसँगै देखिने यस्ता प्रवृत्ति र अपराधका नयाँ शैलीले साइबर अपराध अनुसन्धान कार्यलाई चुनौती थपेको छ । यस्ता चुनौतीको सामना गर्न तथा नागरिकलाई साइबर अपराधबाट जोगाउन नेपाल प्रहरीले कार्य गर्दै आइरहेको छ । ***-बाह्रखरी डटकम***

## कृत्रिम सूर्य निर्माणको नजिक पुगे वैज्ञानिक



विश्वमा अहिले अनन्त ऊर्जाका श्रोतको खोज अनुसन्धानमा अर्बौं डलर लगानी भैरहेको छ । अमेरिका देखि चीनसम्मका वैज्ञानिकहरु अनन्त ऊर्जाको श्रोतका सम्बन्धमा अनुसन्धान गरिरहेका छन् । यसबीच बेलायतको बहु चर्चित अक्सफोर्ड शहर नजिकै वैज्ञानिक तथा इन्जिनियरहरुले बिहीबार न्युक्लियर फ्यूजन ऊर्जाको रेकर्ड कायम गरेका छन् । यसलाई अनन्त स्वच्छ ऊर्जा हासिल गर्ने दिशामा एउटा महत्वपूर्ण कदम ठानिएको छ । यो प्रयोगका क्रममा १२ हजार घरका लागि बिजुली उत्पादन गर्नमा सफलता प्राप्त भएको छ । न्युक्लियर फ्युजन ठ्याक्कै त्यस्तै विधि हो जसबाट सूर्यले ताप र प्रकाश सिर्जना गर्दछ ।

वैज्ञानिकहरुले सूर्यमा भैरहेको त्यही प्रक्रियालाई प्रयोगशालामा अबलम्बन गरेर कृत्रिम सूर्य बनाउने प्रयास गरिरहेका छन् । सिएन एनको रिपोर्ट अनुसार ज्वाइन्ट युरोपियन टोरस 'जेईटी' अर्थात टोकाम्याक नामक एउटा ठूलो डुनोट आकारको उपकरणको प्रयोग गरेर वैज्ञानिकहरुले केवल ०.२ मिलि ग्राम इन्धनबाट पाँच सेकेण्डका लागि ६९ मेगाजुल फ्युजनमा आधारित ऊर्जा उत्पादन गर्न सफल भए । उक्त ऊर्जाले करीब १२ हजार घरहरुमा समान समयका लागि बिजुली आपूर्ति गर्नु बराबर हो । न्युक्लियर फ्युजन ठ्याक्कै त्यही प्रक्रिया हो जसले सूर्य तथा अन्य ताराहरुलाई ऊर्जा दिन्छ । यसलाई स्वच्छ ऊर्जाको ठूलो श्रोत मानिन्छ । विश्वभरका वैज्ञानिकहरुले दशकौं देखि पृथ्वीमै यो जटिल प्रक्रियालाई पूरा गर्ने प्रयासमा काम गरिरहेका छन् । यति बृहत परिमाणमा यो सम्भव भएमा परमाणु फ्युजनले निकै कम इन्धनबाट ठूलो मात्रामा ऊर्जा पैदा गर्न सक्दछ । साथै जलवायु परिवर्तनको कारक मानिएको कार्बन पनि उत्सर्जन हुँदैन । टोकाम्याक मेसिनमा तापमान १५ करोड डिग्री सेल्सियस वैज्ञानिकले उक्त टोकाम्याक मेसिनमा हाइड्रोजनका दुई वटा स्वरुपहरु, ड्युटेरियम र ट्रिटियम हाले जसको प्रयोग भविष्यमा व्यवसायिक फ्युजन संयन्त्रहरुमा पनि गरिनेछ । फ्युजन ऊर्जा निर्माणका लागि वैज्ञानिकको टिमले मेसिनको तापमान १५ करोड डिग्री सेल्सियससम्म बढाए, जुन सूर्यको केन्द्रभन्दा करीब १० गुणा अधिक तापमान हो । यो चरम तापमानले ड्युटेरियम र ट्रिटियमलाई एकसाथ मिलेर हिलियम बनाउन बाध्य पार्दछ र यो प्रक्रियामा भारी मात्रामा ऊर्जा निस्किन्छ । टोकाम्याक मेसिनमा शक्ति शाली चुम्बकको प्रयोग गरिएको हुन्छ जसले प्लाज्मालाई थामेर राख्दछ । उक्त ऊर्जाको प्रयोग बिजुली उत्पादनका लागि गर्न सकिन्छ । टोकाम्याक मेसिनका लागि यो प्रयोग यस प्रकारको अन्तिम हो जसलाई पछिल्लो ४० वर्षदेखि प्रयोग गरिआइएको थियो । यो उक्त मेसिनको अन्तिम प्रयोग थियो, जसमा यसले नयाँ रेकर्ड कायम गरेको छ । यो नयाँ फ्युजन परियोजनाका लागि सुखद खबर पनि मानिएको छ । फ्रान्समा विश्वको सबैभन्दा ठूलो टोकाम्याक मेसिन निर्माण गरिदैं छ जसबाट ठूलो परिमाणमा ऊर्जा निकाल्न सकिन्छ । आणविक फ्युजनमा आधारित ऊर्जाले जलवायु संकटसँग लड्ने दिशामा क्रान्ति नै ल्याउन सक्दछ । तर यसलाई व्यवसायिक रुपमा प्रयोग गर्नका लागि कैयन् वर्ष लाग्न सक्दछ । तर म्यानचेस्टर विश्वविद्यालयका आणविक फ्युजन शोधकर्ता अनिका खानका अनुसार यो प्रविधिको पूर्ण प्रयोग हुने बेलासम्म जलवायु परिवर्तनको समस्या समाधानका लागि यसलाई मुख्य हतियारको रुपमा प्रयोग गर्न धेरै ढिला भैसकेको हुनेछ । ***-अनलाइन खबर डटकम***

## चिनियाँ वैज्ञानिकहरूले बनाए 'एआई' बालिका



चीनमा वैज्ञानिकहरूको एक समूहले एआई बालिका बनाएका छन् । यो बालिकाले तीन वा चार वर्षको मान्छेको बच्चाले जस्तै व्यवहार देखाउँछिन् । तोङ तोङ अर्थात फुच्ची केटी नाम राखिएको यी बालिका विश्वको पहिलो एआई बालिका हुन् । यसलाई आर्टिफिशियल जनरल इन्टेलिजेन्स 'एजीआई'को बाटोमा ठुलो कदम मानिएको छ । यी बालिकालाई फ्रन्टियर्स अफ जनरल आर्टिफिशियल इन्टेलिजेन्स टेक्नोलाजी एक्जिबिशनमा सार्वजनिक गरिएको थियो । यो नयाँ एआई मोडल स्वत: सिक्न सक्षम छ ।

यसमा अहिलेसम्म विकास भएका एआईमा नदेखिएको भावनात्मक संलग्नता देख्न पाइने बताइएको छ । यसको निर्माण बेइजिङ इन्स्टिच्यूट फर जनरल आर्टिफिशियल एन्टेलिजेन्स 'बीआईजीएआई'ले गरेको हो । मानिसहरूसँगको अन्तर्क्रियामा तोङतोङले नियमित रुपमा आफ्नो सीप सुधारिरहेकी छिन् । मानव बच्चाले झैं उनले पनि के गलत के सही हो भनेर छुट्टाउन सक्छिन् । विभिन्न अवस्थामा बेग्ला बेग्लै भाव देखाउँछिन् । गएको महिना बेइजिङमा भएको प्रदर्शनीमा आगन्तुकहरूले तोङतोङसँग अन्तर्क्रिया समेत गरेका थिए । प्रोग्रामिङका आधारमा फुच्ची केटीले देखाएका व्यवहारहरू पनि निरीक्षण गर्न पाएका थिए । तोङतोङले आफ्नै मूल्य र विचारका आधारमा स्वतन्त्र भएर आफैं काम गर्छिन् । जसले गर्दा उनी एआईका अन्य सृजना भन्दा फरक छिन् । उनी आफैं सिक्न सक्षम भएको अनि आफ्नै हिसाबले रमाउने, रिसाउने अनि दु:ख व्यक्त गर्ने गर्छिन् । ***-रातोपाटी डटकम***

**COUNCIL FOR TECHNICAL EDUCATION AND VOCATIONAL TRAINING**
**MADANPOKHARA POLYTECHNIC INSTITUTE**
**TANSEN-09, PALPA**

# INVITATION FOR SEALED QUOTATION

***First Publication Date:- 2080-11-01***

1. Madanpokhara Polytechnic Institute invites sealed bids and sealed quotation from eligible bidders for the following work.

| S.N. | Bid No. | Description of Work | Bid validity period/ Bid security validity | Estimated amount without VAT | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | SQ/MPPI/01/080/081 | Deep Tube Well Boring and Water Supply | 45/75 days | 1,748,050.00 | 45,000.00 | 1000.00 |

| Account details for bid document purchase fee | Account details for bid security deposit |
|---|---|
| Name of Bank: Prime Commercial Bank Ltd. Damkada Branch, Palpa.<br>Name of office: Madanpokhara Polytechnic Institute<br>Account No: 15601000000002400115 | Name of Bank: Prime Commercial Bank Ltd., Damkada Branch,Palpa.<br>Name of office : Madanpokhara Polytechnic Institute<br>Account No: 15601000000002300125 |

| Deadline for purchase of Bid Document : | Deadline of Bid Submission | Date and time of bid opening |
|---|---|---|
| 2080-11-15 (During Office Hour) | Date : 2080-11-16<br>Time :12:00 PM | Date: 2080-11-16<br>Time: 2:00 PM |

2. Eligible bidders may obtaion further information and inspect the Bidding Documents at the administration office at Madanpokhara Polytechnic Institute during the office hours.
3. A complete set of Bidding Documents may be purchased from the administration office at Madanpokhara Polytechnic Institute on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee within date and time mentioned above.
4. If the last date of purchasing and/ or submission falls on a government holiday, then nest working day shall be considered as the last date. In such case the validity period remains the same prescribed for the original last date of submission.
5. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
6. Madanpokhara Polytechnic Institute reserves the right to accept or reject, wholly or partly of the bid without assigning any reason, whatsoever.
7. The pace of bid purchase, bid submission and bid opening will be at Madanpokhara Polytechnic Institute.
8. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

***Principal***

# बेथल बोर्डिङ स्कूलले मनायो २७ औं वार्षिकउत्सव




**पाल्पा,** माघ २९/निजी विद्यालयको रुपमा सञ्चालित पाल्पाको बेथल इङ्गलिस बोर्डिङ स्कूलले २७ औं वार्षिकउत्सव मनाएको छ । व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी २०५३ सालमा स्थापना भएको स्कूलले सोमबार विविध कार्यक्रमहरुको आयोजना गरी वार्षिकउत्सव मनाएको हो ।

वार्षिक उत्सवको लुम्बिनी प्रदेशका सभामुख तुलाराम (बसन्त) घर्तीले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका घर्तीले निजी तवरबाट सञ्चालन भएको स्कूलले जिल्लाको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले २७ वर्षे लामो यात्रा तय गर्नु स्कूलका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख गरे । सभामुख घर्तीले निजी विद्यालयका समस्या समधान गर्न ऐन कानुन, नीति बनाएर मात्र सम्भव रहेको बताए । उनले बालबालिकामा अनुशासन र नैतिकताको सिकाई भए मात्र असल, चत्रिवान नागरिक बन्ने विश्वास व्यक्त गरे । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव नेपालले गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सक्रियताका साथ लागेकाले पनि अभिभावकहरुको विश्वास जित्न सफल भएको बताए ।

कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला उपसभापति झपेन्द्र गहिरे, नेकपा एमालेका अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादीका जिल्ला सचिव मथुरा ढकाल, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, प्यावसन पाल्पाका अध्यक्ष महेशमान बज्राचार्य, उपाध्यक्ष डाँसुराम पन्त, नेपाल पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त गरेका थिए । विद्यालयका प्रिन्सिपल रुपचन्द्र थापाले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयमा ८ सय ९५ जना छात्रछात्राहरु रहेको, प्रतिभावान छात्रछात्राहरुलाई वार्षिक ३७ लाख छात्रवृत्ति दिर्दै आएको जानकारी गराए । उनले विद्यालयले शिक्षिक क्षेत्रमा मात्र नभई खेल क्षेत्रमा समेत राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा सफला हासिल गरेको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव नेपालको अध्यक्षता, सहायक प्रिन्सिपल महेन्द्र पोखरेलको स्वागत, विद्यार्थीहरु अनुभव खनाल र आदिक्षा थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# जितसँगै शृङ्खलामा नेपालको क्लिन स्वीप



**काठमाडौं,** माघ २९/तेस्रो तथा अन्तिम एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सोमबार नेपालले क्यानडालाई नौ विकेटले हराएको छ । जितसँगै नेपालले तीन खेलको शृङ्खला 'क्लिन स्वीप' गरेको हो ।

पहिले ब्याटिङ गर्दै क्यानडाले २ सय ३३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले उक्त लक्ष्य ३३ बल अगावै मात्र १ विकेटको क्षतिमा पछ्यायो । नेपालका लागि अनिल साह र भीम सार्कीले शतकीय पाली खेले । साहले नटआउट रहँदै ११२ तथा भीम सार्कीले नटआउट रहँदै १०१ रन बनाए । नेपालले एकमात्र विकेटको रुपमा १३ रन बनाएका कुशल भुर्तेललाई गुमाएको थियो । यसअघि नेपाल पहिलो खेलमा सात रन र दोस्रो खेलमा चार विकेटले विजयी भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको वृद्धि



**पाल्पा,** माघ २९/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । सोमबार नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक १५ दशमलव ३३ अंकले उकालो लागेर दुई हजार एक सय एक दशमलव १६ मा उकालो लागेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २४ अंकले उकालो लागेर तीन सय ७५ दशमलव ९९ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्यमा उकालो लागेको छ भने एक उपसमूहको शेयर मूल्य ओरालो लागेको छ । कूल एक करोड एक लाख आठ हजार एक सय २२ कित्ता शेयर रु तीन अर्ब ५८ करोड ६९ लाख ८४ हजार एक सय २८ मूल्यमा कारोबार भयो । नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु २३ करोड दुई लाख ३५ हजार चार सय ४९ बराबरको कारोबार भयो । यस्तै एनआरएन इन्फास्टकचर रु १६ करोड ३० लाख २५ हजार एक सय ७६, एनआइसी एशिया बैंक रु १३ करोड ७७ लाख ४७ हजार तीन सय ९८, नेपाल इन्स्योरेन्स रु ११ करोड ३७ लाख तीन हजार दुई सय ९४ र सोनापुर मिनरल्स रु १० करोड २७ लाख ११ हजार सात सय २८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु, समाज लघुवित्त, कुर्थली बुखरी स्मल हाइड्रोपावर, चिर्खवा हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । बलेफी हाइड्रोपावरका लगानीकर्ताले भने नौ दशमलव ९८ प्रतिशतले कमाएका छन् । यस्तै एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो आठ दशमलव ८९, इमर्जिङ नेपाल तीन दशमलव ८६, मिड सिन्धु हाइड्रोपावर तीन दशमलव १८, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम तेस्रो दुई दशमलव ७९ र एसबीएल डिवेञ्चरका लगानीकर्ताले दुई दशमलव शून्य सात प्रतिशतले गुमाएका छन् ।

# मैत्रीपूर्ण क्रिकेट : जेसिज पाल्पाद्वारा बैंकर्स संघ पराजित



**पाल्पा,** माघ २८/जेसिज पाल्पाले मैत्रीपूर्ण क्रिकेट खेलमा बैंकर्स संघ पाल्पालाई ९ विकेटले पराजित गरेको छ । जिल्लाको बगनासकाली गाउँपालिका १ चिलाङ्गदी खेल मैदानामा भएको खेलमा बैंकर्स संघले दिएको ९० रनको लक्ष्य पछ्याएको जेसिजले १४.४ ओभरमा ९१ रन बनाउँदै जित निकालेको हो ।

जेसिजका तेजेन्द्र राणाले सर्वाधिक २४ रन, अच्छुत खनालले २३ र अध्यक्ष अर्जुन कार्की १० रन बनाउँदै जित सुनिश्चित गरेका थिए । यसअघि पहिले ब्याटिङ गरेको बैंकर्सले १५ ओभरमा ९ विकेट गुमाउँदै ९० रन बनाएको थियो । बैंकर्सका महेश खनालले १७, धुर्वतारा बस्यालले १२, प्रकाश कार्कीले ११ रन बनाए पनि जित निकाल्न सकेनन् । खेलको उद्घाटन गर्दै बगनासकाली गाउँपालिका १ का वडा अध्यक्ष शेरबहादुर गाहाले जेसिसले सामाजिक कार्यसँगै खेल क्षेत्रको विकासमा समेत देखाएको चासो प्रशंसनिय रहेको बताए । उनले यस्ता खेल प्रतियोगिताहरु आगामी दिनहरुमा पनि सञ्चालन गर्न जेसिजलाई आग्रह गरे । जेसिजका अध्यक्ष अर्जुन कार्कीले साथीहरुको आत्मियतालाई अझ प्रगाढ बनाउन र जिल्लाको खेल क्षेत्रलाई चलायमान बनाउन खेल आयोजना गरिएको बताए । खेल निकै उत्साहजनक रुपमा सञ्चालन भएको जेसिजका महासचिव विजय कार्कीले जानकारी दिए ।

# रैनादेवी छहरामा ३३ प्रतिशत...

...वडा १ को देउलेमा सामुदायिक स्वास्थ्य ईकाई सञ्चालन, छहरा स्वास्थ्य चौकीमा अत्याधुनिक माइक्रोस्कोप सहयोग, नि:शुल्क स्त्रीरोग तथा महिला प्रजनन् स्वास्थ्य शविरमा २ सय ७० जनाले सेवा लिएको जानकारी दिएको थियो । शिक्षातर्फ विद्यालय संमायोजन तथा शिक्षक दरवन्दी मिलान गरेको, कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम, कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यपुस्तकको प्रारम्भिक मस्यौदा तयार भएको र शैक्षिक सत्र २०८१ देखि विद्यालयहरुका लागु गरिने भएको छ ।

चालु आर्थिक बर्षमा २ सय ७८ वटा योजना रहेको २ सय ४२ वटा सम्झौता भई ९५ वटा फरफारख समेत भएका छन् । कोभिड तथा आर्थिक संकटको कारण संघ प्रदेशबाट रकम घटेर आएपनि पालिका भित्रका ठूला योजना अन्तर्गत सुन्दरढुङ्गा सालझण्डी क्षेत्रमा निर्माणको काम भईरहेको, छहरादेखि धजाबान्ने सम्मको पिचको कार्य भईरहेको, धजाबान्नेदेखि ३ वडा कार्यालय हुँदै तालपोखरा अर्घाखाँची जोड्ने सडकको स्तरउन्नतीको काम भइरहेको, १५ शैयाको अस्पताल निर्माणको काम शुरु भएको पालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए ।

सार्वजनिक सुनुवाईमा आएका सुझाव, गुनासा तथा जिज्ञासाहरुलाई कार्यपालिकाको बैठकमा राखी कार्यान्वयन गरिने पालिका अध्यक्ष भट्टराईले जनाए । कार्यक्रममा स्थानीय मानबहादुर थामी, पत्रकारद्धय माधवप्रसाद अर्याल, कृष्ण पोखरेल, अगुवा कृषक किशोरकुमार कँडेल लगायतले हार्थोक छहरा मोटरबाटोको दर्दनाक अवस्था, कटौजेपानी खेलमैदानको अवस्था, कृषि, पशु क्षेत्रमा भएका कामहरु, कृषकहरुले पाईरहेको सेवा सुविधा तथा अनुदान, वडाहरुका बाँदरले पारेको समस्या, बसाई सराईको अवस्था तथा रोकथामका बारेमा जिज्ञासा राखेका थिए । सार्वजनिक सुनुवाईमा उठेका जिज्ञासाहरुको पालिका अध्यक्ष भट्टराई, उपाध्यक्ष युवराज थापा, प्रमुख प्रशासकीय अधिकृत तिमिल्सीना, लेखा अधिकृत लिलामणी बस्याल, इन्जिनियर किशोर खनाल, लगायतले जवाफ दिएका थिए । पालिका अध्यक्ष रुक्माङ्गत भट्टराईको अध्यक्षता, उपाध्यक्ष युवराज थापाको स्वागतमा भएको कार्यक्रमको सहजीकरण सामुदायिक रेडियो मुक्तिनाथले गरेको थियो भने सञ्चालन रेडियोका प्रबन्धक भुवन रायमाझीले गरेका थिए ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## सटर भाडामा लगाउने सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८०/११/०१*

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद-२ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वडा सटर आगामी ५ वर्ष सम्मको लागि भाडामा लगाउन १५ दिनको म्याद राखी यो बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रितपूर्वक बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१. बोलपत्र फाराम खरिद गर्न चाहाने चाहने संस्था/फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ ।
२. **बोलपत्र फारम खरिद गर्ने मिति** : सूचना प्रकाशित भएको मितिले ञ्छ औं दिनको कार्यालय समय भित्र ।
३. **सिलवन्दी बोलपत्र दाखिला गर्ने मिति :** आ.व. २०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, २०७९/०८० सम्मको कर चूक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको वोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नु पर्नेछ ।
४. **बोलपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २ बजे बोलपत्रदाता र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. बोलपत्र स्वीकृत भएमा कार्यादेश लिनु अगावै कबोल सटरभाडा अंकको ४ महिना बराबरको रकम धरौटी वापत जम्मा गर्नु पर्नेछ ।
७. बोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।
८. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
९. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि आगामी ५ वर्षसम्म कायम रहनेछ ।
१०. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नुपर्ने कबोल मासिक भाडाको ४ महिना बराबरको धरौटी रकम जम्मा गरेको सक्कल भौचर पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
११. बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।
१२. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक अंक रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 05/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक रु.७०,०००। | रु.१०००।०० | बोलपत्र |

*तानसेन नगरपालिका कार्यालय*

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई